# अनवरत व्यावसायिक शिक्षा सम्वन्धी जानकारी

संस्थाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ५५ अनुसार पेशागत प्रमाणपत्रप्राप्त सदस्यहरुले आ.व. २०६१/६२ बाट पेशागत प्रमाणपत्र Certificate Of Practice (COP) नवीकरण गर्दा अनवरत व्यावसायिक शिक्षा (Continuing Professional Education (CPE)) अनिवार्य चाहिने निर्णय गरे बमोजिम संस्थां स्वयमले र Outsourcing मार्फत देशका विभिन्न ठाउंमा CPE Training संचालन गर्दै आईरहेको छ । यस आ.व. देखि CPE क्रेडिट आवर सम्वन्धमा देहाय वमोजिम हूने निर्णय भएको हुँदै सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

१. परिषदको १२९ औं बैठकको निर्णयानुसार आ.व. २०६६/०६७ देखि निम्न बमोजिमको CPE क्रेडिट आवर कायम गरिएको छ । गत आ.व. मा लिएको क्रेडिट आवर यस उप्रान्त गणना गरिने छैन ।

| श्रेणी | आ.व. २०६६/०६७ देखी आ.व. २०६८/०६९ सम्म | |
|---|---|---|
| | *हरेक आ.व. मा अनिवार्य रुपमा लिनू पर्ने न्युनतम क्रेडिट आवर* | *तीन आ.व. भित्र अनिवार्य रुपमा लिईसक्नू पर्ने न्युनतम क्रेडिट आवर* |
| चार्टर्ड एकाउन्टेन्ट | १५ क्रेडिट आवर | ६० क्रेडिट आवर |
| आर. ए. ख वर्ग | १५ क्रेडिट आवर | ६० क्रेडिट आवर |
| आर. ए.-'ग' र 'घ' | १० क्रेडिट आवर | ४० क्रेडिट आवर |

२. आ.व. २०६६/०६७ देखी आ.व. २०६८/०६९ सम्ममा तोकिएको न्युनतम क्रेडिट आवर भन्दा वढी क्रेडिट आवर जम्मा भएको अवस्थामा न्युनतम क्रेडिट आवर भन्दा बढी भएको क्रेडिट आवर आ.व. २०७०/०७१ मा सार्न (Carry forward) मिल्ने छैन ।

३. २०६६/०६७ का लागि CPE नलिएको कारण COP नवीकरण नभएकाहरुको हकमा २०६७/०६८ को लागि COP नवीकरण गर्न निजले माथि बूंदा नं १ मा उल्लेखित क्रेडिट आवर लिइसक्नू पर्दछ ।

४. यस अघि एक दिनमा दैनिक ४ वटा सेसन संचालन भई सो बराबर ५ क्रेडिट आवर प्रदान गरिदै आएकोमा यस आ.व. देखि दैनिक ३ वटा सेसन संचालन भई सो बराबर ५ क्रेडिट आवर प्रदान गरिनेछ ।

५. अब उप्रान्त परीक्षा सम्बन्धी Paper Evaluation, Scrutinize , Question Setting, Question Moderation गरे वापत प्रत्येक Batch को लागि ५ क्रेडिट आवर र BPA Evaluation गरे बापत National BPA evaluation को लागि प्रति Annual Report १ क्रेडिट आवर र SAFA BPA Evaluation को लागि प्रति Annual Report २ क्रेडिट आवर प्रदान गरीनेछ ।

६. पार्षदलाई १० क्रेडिट आवर र समितिका सदस्यलाई ५ क्रेडिट आवर प्रदान गरीनेछ ।

७. CPE तालिममा श्रोत व्यक्ति भई काम गरेका संस्थाका सदस्यहरुलाई प्रथम पटक अध्यापन गरेको विषयवस्तूलाई २ क्रेडिट आवर र सोहि विषय दोहोराई अध्यापन गराईएको अवस्थामा केवल १ क्रेडिट आवर मात्र प्रदान गरिनेछ ।

८. अघिल्ला आ.व. हरुमा COP स्थगन गरेका र आ.व. २०६७/०६८ मा फूकूवा गर्न चाहनेको हकमा बूंदा नं. १ मा उल्लेख भए बमोजिम क्रेडिट आवर बराबरको CPE आवश्यक पर्नेछ ।

९. ६५ वर्ष उमेर पूरा भएको व्यक्तिलाई CPE अनिवार्य गरीएको छैन । पौष मसान्तमा ६५ वर्ष उमेर पुरा हुने सदस्यले सोही आ.व. देखि CPE छूट हूने व्यवस्था छ ।

१०. वर्ग वृद्धि भएको वर्ष नीजको CPE छूट हूने व्यवस्था छ ।

११. Accountancy, Auditing, Taxation विषयसंग सम्वन्धीत लेख, पुस्तक आदि प्रकाशित गरेको छ वा अनुसन्धानात्मक कार्य गरेको छ वा कूनै संघ संस्थावाट सो सम्बन्धी Training लिएको छ भने आषाढ महिना अगावै संस्थाको CPE समितिमा निवेदन दिनू पर्दछ । समितिले निवेदन उपर छानविन गरि क्रेडिट आवर प्रदान गर्नेछ ।

१२. नयां COP लिने सदस्यको हकमा आगामी आ.व. को लागि COP नवीकरण गर्नका लागि देहायको CPE Credit Hours आवस्यक पर्दछ ।

| **CA र ख वर्गका सदस्यहरुका हकमा** | |
|---|---|
| क) पौष मसान्त भित्र COP लिएमा | १५ |
| ख) जेठ मसान्त भित्र COP लिएमा | ७.५ |
| ग) जेठ मसान्त पछि COP लिएमा | नपर्ने |

| **ग र घ वर्गका सदस्यहरुका हकमा** | |
|---|---|
| क) पौष मसान्त भित्र COP लिएमा | १० |
| ख) जेठ मसान्त भित्र COP लिएमा | ५ |
| ग) जेठ मसान्त पछि COP लिएमा | नपर्ने |

१३. संस्थावाट संचालीत CPE तालीम, कार्यशाला तथा गोष्ठी बाहेक अन्य तरीकावाट CPE Credit Hours लिनू परेमा सो वापत CPE Processing fee रु. १००/- प्रति Credit Hour तिर्नूपर्नेछ ।